# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, मंसीर ९ गते २०५४ साल (अतिरिक्ताङ्क ४० (क)

## भाग ४

### श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

सुकुम्बासी समस्या समाधान आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी खण्ड ४६, अतिरिक्ताङ्क ६ (ख), मिति २०५३।१।२४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा ३ को उपदफा (५) बमोजिमको उपसमितिलाई उक्त सूचनाको दफा ४ बमोजिम प्राप्त अधिकारहरू जग्गा दर्ता गर्ने प्रयोजनको लागि सोही सूचनाको दफा ७ को उपदफा (१) बमोजिम गठित सुकुम्वासी समस्या समाधान समितिलाई प्रत्यायोजन गर्नुका साथै उक्त सूचनाको दफा ७ को उपदफा (३) र दफा ८ बमोजिम सुकुम्वासी वा अव्यवस्थित बसोबासीको पहिचान गरी जग्गा वितरण गर्ने वा उपलब्ध गराउने सन्दर्भमा निर्णय गर्ने अधिकारसमेत सोही समितिलाई प्रदान गर्ने गरी श्री ५ को सरकारले मिति २०५४।८।९ मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,  
ललितबहादुर बम  
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४८